दर्ता नं.: ३७५०/०६७/०६८

समृद्धिका लागि
सहयात्रा ...

# JYOTIPUNJA
## SAVING & CREDIT CO-OPERATIVE LTD.
## ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

11th

# Annual Report
## 2077/078

# एघारौं वार्षिक प्रतिवेदन
## २०७७/०७८

## रेगुलर सेभिङ्ग खाता

ज्योतिपुञ्ज
रेगुलर सेभिङ्ग
९%
ब्याजदर

भविष्यलाई आजै मैले,
जोहो गरिरहें ।
रेगुलर सेभिङ्ग खाता
खोली म त ढुक्क भएँ ॥



## ज्योतिपुञ्ज उद्यमी कर्जा
पौरखीका लागि उर्जा



ज्योतिपुञ्ज
उद्यमी कर्जा
१३%
ब्याजदर

### विशेषताहरू

- ४८ घण्टा भित्र स्वीकृति
- समयमै किस्ता तिर्दा ब्याज रकममा ३% छुट
- समय अवधि अधिकतम ७ वर्षसम्म
- दैनिक वा मासिक रुपमा किस्ता तिर्न सकिने




सानो होस् या ठूलो आकार
ज्योतिपुञ्जको साथमा
हुन्छ सपना साकार

ज्योतिपुञ्ज
आवास कर्जा
१३.५%
ब्याजदर

### विशेषताहरू

- ४८ घण्टा भित्र स्वीकृति
- समयमै किस्ता तिर्दा ब्याज रकममा ३% छुट
- समय अवधि अधिकतम ७ वर्षसम्म
- दैनिक वा मासिक रुपमा किस्ता तिर्न सकिने
- घर घडेरी खरिद तथा निर्माणको लागि

## ज्योतिपुञ्ज मोबाइल बैंकिङ सेवा



# विषय सूची


| क्र.सं. | विवरण | पेज |
|---|---|---|
| १. | संस्था चिनारी | २-३ |
| २. | एघारौं वार्षिक साधारण सभा सम्बन्धि सूचना | ४ |
| ३. | सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन | ५ |
| ४. | विगत पाँच वर्षका मुख्य-मुख्य उपलब्धीहरु | ९ |
| ५. | लेखापरीक्षकको प्रतिवेदन | ११ |
| ६. | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | १५ |
| ७. | वासलात | १७ |
| ८. | नाफा नोक्सान हिसाब | १८ |
| ९. | नगद प्रवाह विवरण | १९ |
| १०. | अनुसूची १ देखि १५ सम्म | २०-२७ |
| ११. | प्रमुख लेखा नीति | २८ |
| १२. | लेखा सम्बन्धि टिप्पणीहरु | २९ |
| १३. | नोट | ३१ |

# संस्था चिनारी

## चिनारी गीत

भविष्यको भरोसा वर्तमानको आधार ।
ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।२

जम्मा गरे जम्मा हुन्छ खाँचो पर्दा टार्छ
उद्योग व्यावसाय गर्न यसले मद्दत गर्छ ।२

बुढेसकालको लौरी जस्तो एक्लोपनको साथी
अनाथको अभिभावक ज्योतिपुञ्जको बाती ।

थोपा थोपा जम्मा गरी घैलो भरे जस्तै
भोलि खान आजैबाट बीउ छरे जस्तै ।२

जसले सोच्छ भविष्यमा सुरक्षा र सुख
साथ दिन्छ ज्योतिपुञ्ज बन्दै अभिमुख ।

भविष्यको भरोसा वर्तमानको आधार
ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।२

सबैको सपना साकार ।२

## संस्थाको पृष्ठभूमि (Background)

ज्योतिपुञ्ज साकोस २०६८ साल बैशाख २९ गते बिहिबारका दिन तत्कालीन डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता भई २०६८ साल भाद्र ४ गते आईतबारका दिन विधिवत रुपमा कारोवार शुभारम्भ गरी सञ्चालनमा आएको बचत तथा ऋण सहकारी संस्था हो ।

## संस्थाको परिकल्पना (Vision)

सदस्यहरुलाई सहज र भरपर्दो वित्तीय सेवा दिने देशको अग्रणी सहकारी संस्थाको रुपमा स्थापित हुने ।

## संस्थाको निर्दिष्ट लक्ष्य वा ध्येय (Mission)

संस्थाका सबै कार्यक्रमहरु सदस्यहरुको हितमा समर्पित रहने ।

## लक्ष्य (Goal)

सहकारीको माध्यमबाट सदस्यहरुलाई समृद्ध बनाउने ।

## संस्थाका मूल्य मान्यता (Core Values)

- सदस्य संस्थाका मालिक हुन् ।
- सबै कार्यक्रम र योजनाहरु सदस्यको हितको लागि बनाइन्छ ।
- सदस्यको सन्तुष्टि संस्थाको जिम्मेवारी हो ।
- सदस्यहरुको निक्षेप र लगानीको सुरक्षा संस्थाको दायित्व हो ।
- सम्मान र सहकार्य हाम्रो संस्कृति हो ।

# सदस्यज्यूहरुमा ११औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

नेपाल सरकारको संघीय सहकारी विभागको मिति २०७७/०६/०१ को सूचना अनुसार यस संस्थाको मिति २०७८/०४/२७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले संस्थाको ११औं वार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णयहरु गर्न मिति २०७८/०५/१८ देखि २४ गतेसम्म तोकिएका स्वास्थ्य मापदण्ड र सुरक्षा अपनाई आयोजना गरिने हुँदा संस्थाको कार्यालयमा उपस्थित भई सहभागिता जनाउनका लागि सम्पूर्ण सदस्यज्यूहरुलाई पत्रसाथ विनम्र अनुरोध गर्दछौं ।

### सभामा उपस्थिति जनाउने मिति, समय र स्थान :

मिति : २०७८/०५/१८ गतेदेखि २४ गते सम्म
समय : कार्यालय समय (बिहान १० बजेदेखि साँझको ५ बजेसम्म)
स्थानहरु : केन्द्रीय कार्यालय, नयाँ बानेश्वर
सेवा केन्द्र कार्यालय, कुमारीपाटी
सेवा केन्द्र कार्यालय, गोठाटार

### सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने बिषयहरु :

१. आ.व. २०७७/०७८ को प्रगति विवरण र आ.व. २०७८/०७९ को प्रस्तावित कार्यक्रम ।
२. आ.व. २०७७/०७८ को आय-व्यय विवरण तथा आ.व. २०७८/०७९ को अनुमानित बजेट ।
३. आ.व. २०७७/०७८ को आर्थिक कारोवारको स्वतन्त्र लेखा परिक्षण प्रतिवेदन ।
४. आ.व.२०७७/०७८ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
५. आ.व.२०७८/०७९ को लागि लेखा परीक्षकको नियुक्ती तथा पारिश्रमिक तोक्ने ।
६. कोष बाँडफाँड, शेयर लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष लगायत अन्य कोषको वितरण गर्ने ।
७. आ.व. २०७७/०७८ मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने ।
८. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनीधि चयन सम्बन्धमा ।
९. विविध
   क. विनियम संशोधन सम्बन्धमा ।
   ख. आन्तरिक नीति, कार्ययोजना एवं कार्यविधि अनुमोदन तथा संशोधन सम्बन्धमा ।

**नोट :**

क) मिति २०७८/०३/३१ गते सम्म संस्थाको सदस्य भई सभामा उपस्थिति जनाउने सदस्यज्यूहरुलाई परिवहन खर्च रु.५००/- प्रदान गरिने छ ।

ख) आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन संस्थाको वेबसाइड www.jyotipunja.coop.np मार्फत पनि प्राप्त गर्न सकिने छ ।

सञ्चालक समितिको आज्ञाले
सचिव

# ११औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत मन्तव्य तथा वार्षिक प्रतिवेदन

**आदरणीय सदस्यज्यूहरु,**

संस्थाका सबै सदस्यहरुको प्रत्यक्ष सहभागितामा वार्षिक साधारण सभा आयोजना गर्ने हाम्रो चाहना विद्यमान कोभिड-१९ महामारीको कारण सम्भव हुन सकेन । तसर्थ, अहिलेको विशेष परिस्थितिमा फरक ढंगले आयोजना गरिएको यस **ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि**. को एघारौं वार्षिक साधारण सभाको अवसरमा सम्पूर्ण सदस्यज्यूहरु तथा शुभचिन्तक महानुभावहरुलाई हार्दिक अभिवादन तथा सम्मान व्यक्त गर्दछु ।

विगत करिव २ वर्ष देखि विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीको कारणले हाम्रो दैनिकी र आर्थिक क्रियाकलापहरु निकै नै प्रभावित हुन पुगेको छ । यस महामारीबाट कुनै न कुनै किसिमले असहज परिस्थिति सृजना भएको हामी सबैले महसुश गरेकै कुरा हो । तथापि यस्तो प्रतिकुलताकै बिचमा पनि कतिपय सकारात्मक संकेतहरु देखा परेका छन् । कोभिड-१९ को पहिलो चरणबाट सिकेका पाठले महामारीकै बिचमा पनि संस्थाका बिभिन्न क्रियाकलापहरु सहज रुपमा सञ्चालन गर्न समर्थ भएका छौं । यसको अलावा, कालो बादलको बिचमा देखिएको चाँदीको घेरा जस्तै यस महामारीले हामीलाई आर्थिक कारोवारका लागि विद्युतीय माध्यमको उपयोग तथा नविनतम् प्रविधिको प्रयोग गर्न पनि सिकाएको छ । विद्यमान असहज परिस्थितिले हामी बिचको सहकार्यको महत्व तथा सहकारीको अपरिहार्यतालाई थप पुष्टि गरेको छ ।

तमाम चुनौतीहरुका बाबजुद पनि यस संस्थाले आ.व. २०७७/०७८ मा हासिल गरेका वित्तीय उपलब्धिहरु सन्तोषजनक रहेका छन्, जसले गर्दा हामी सबैलाई ठुलो हौसला मिलेको छ । यस सुखद अवसरमा, स्थापना कालदेखिनै संस्थाका वित्तीय लगायत सम्पूर्ण क्रियाकलापहरु पारदर्शी र दिगो रुपले सञ्चालन हुँदै आएको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छु । संस्थाको यस किसिमको सफलता हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण सदस्यज्यूहरु, कर्मचारी टिम, बिभिन्न समिति तथा उप-समितिका पदाधिकारीहरु प्रति **ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि**. हार्दिक आभार तथा विशेष धन्यवाद व्यक्त गर्दछ ।

**आदरणीय सदस्यज्यूहरु, अव म आ.व. २०७७/०७८ मा संस्थाले हासिल गरेका वित्तीय तथा संस्थागत उपलब्धिहरुको विवरण प्रस्तुत गर्न चाहन्छु ।**

**१. शेयर पूँजी हिसाब :**

आ.व. २०७७/०७८ मा संस्थाको शेयर पूँजी अघिल्लो वर्षको रकममा रु. २२,२४,४००/- ले बृद्धि भई जम्मा रु.१०,४१,१०,०००/- पुगेको छ । शेयर पूँजीमा सदस्यज्यूहरुलाई १६.००% का दरले लाभांश वितरण गर्ने सञ्चालक समितिको निर्णय अनुमोदन गर्नका लागि यस सभा समक्ष पेश गर्दछु ।

**२. बचत हिसाब :**

आ.व. २०७७/०७८ मा सदस्यहरुको कुल बचत रकम रु. १,१७,५५,४०,११०।७३ भएको छ। अघिल्लो वर्षको रकममा रु. ६,३५,८७,५३५।७० थप भएको हो।

**३. ऋण लगानी :**

आ.व. २०७७/०७८ मा संस्थाको ऋण लगानी रु. १,३१,६५,९०,७८५।७५ रहेको छ। अघिल्लो वर्षको रकममा रु.१२,३२,६२,३८३।३८ ले बृद्धि भएको हो।

**४. आय–व्यय तथा मुनाफा :**

सदस्यलाई ऋण लगानी बाट प्राप्त ब्याज तथा अन्य आम्दानी गरी कुल आम्दानी रु.२२,०२,४७,९३२।३९ भएको र सदस्यहरुको बचतमा ब्याज खर्च, कर्मचारी खर्च, प्रशासनिक खर्च, ह्रास कट्टी खर्च, कर्जा नोक्सानी व्यवस्था तथा बाह्य ऋणको ब्याज गरी कुल खर्च रु. १६,१३,६५,८३९।११ भएकोमा उक्त आम्दानी बाट खर्च कटाई कुल मुनाफा (आयकर कट्टी अघि) रु. ५,८८,८२,०९३।२८ भएको छ।

**५. जगेडा/अन्य कोष तथा व्यवस्थाहरु :**

आ.व. २०७७/०७८ मा जगेडा तथा अन्य कोषहरुमा रु. ३,७३,४८,१२८।५४ ले बृद्धि भई जम्मा रु. ११,०१,७३,४५६।७२ पुगेको छ।

**६. कुल सम्पत्ति :**

आ.व. २०७७/०७८ को अन्त्य सम्ममा संस्थाको कुल सम्पत्ति रु. १,६२,६३,०९,७९४।७१ रहेको छ। अघिल्लो आ.व.को कुल सम्पत्ति रकममा रु. १५,२३,१२,४०८।०७ ले बृद्धि भएको हो।

**आर्थिक वर्ष ०७७/७८ मा संस्थाले हासिल गरेका मुख्य–मुख्य वित्तीय विवरणहरु**

| विवरण | रकम (रु.) |
|---|---|
| शेयर पूँजी | १०,४१,१०,०००/- |
| बचत रकम | १,१७,५५,४०,११०।७३ |
| ऋण लगानी | १,३१,६५,९०,७८५।७५ |
| जगेडा तथा कोषहरु | ११,०१,७३,४५६।७२ |
| कुल मुनाफा (कर कट्टी अघि) | ५,८८,८२,०९३।२८ |
| कुल सम्पत्ति | १,६२,६३,०९,७९४।७१ |

## आ.व. ०७७/७८ मा संस्थाले गरेका नीतिगत तथा संस्थागत कार्यक्रमहरु

**१. सदस्य शिक्षा कार्यक्रम :**

दिगो र सुशासित सहकारीको परिचायक शिक्षित सदस्यहरु हुन्। सहकारीका मुल्य, मान्यता र सिद्धान्त सँगै संस्थाको सञ्चालकीय र व्यवस्थापकीय गतिविधिका बारे सदस्यहरुलाई बुझाउने उद्देश्यले मिति २०७८/०१/०४ गतेका दिन संस्थाको गोठाटार सेवा केन्द्रका सदस्यहरुलाई लक्षित गरी एक दिने सदस्य शिक्षा कार्यक्रम आयोजना गरियो। उक्त कार्यक्रममा संस्थाका सञ्चालक सहित कुल ७५ जना सदस्यहरुको सहभागिता रहेको थियो।

**२. सदस्यता विस्तार :**

आ.व. २०७७/०७८ मा यस संस्थामा महिला १२६७ र पुरुष १५२२ गरी कुल सदस्य संख्या २७८९ रहेको छ।

**३. प्रोवेसन (PROBATION) कार्यक्रममा आबद्धता :**

संस्थालाई सबल, दिगो, विश्वसनीय तथा सदस्यमैत्रीका साथै वित्तीय रुपमा सक्षम बनाउने उद्देश्यले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा संचालित प्रोवेसन (पूर्ण तथा व्यावसायिक साकोस विकास) कार्यक्रममा आबद्ध भएको कुरा यहाँहरुलाई पुनः अवगत गराउन चाहन्छु। यसबाट हुने सर्वाङ्गीण विकासले संस्थाको सफलतालाई थप उचाईमा पुऱ्याउने विश्वास लिईएको छ।

**आर्थिक वर्ष ०७८/७९ को लागि अनुमानित बजेट तथा प्रस्तावित कार्ययोजनाहरुको आधारमा तयार पारिएको वित्तीय प्रक्षेपण**

| विवरण | आ.व.०७८/७९ |
|---|---|
| शेयर पूँजी | ११,००,००,०००/- |
| बचत रकम | १,३०,००,००,०००/- |
| ऋण लगानी | १,५०,००,००,०००/- |
| जगेडा तथा कोषहरु | १६,००,००,०००/- |
| कुल मुनाफा (कर कट्टी अघि) | ६,२५,००,०००/- |
| कुल सम्पत्ति | १,८२,३१,००,०००/- |

## आ.व. ०७८/७९ को लागि नीतिगत तथा संस्थागत कार्ययोजनाहरु

**१. सदस्य शिक्षा कार्यक्रम :**

कोभिड-१९ महामारीका कारण असहज बनेको विद्यमान परिस्थितिलाई मध्यनजर गर्दै अबस्था सहज भए लगत्तै संस्थाका तीन वटै कार्यालय र संस्थाको कार्यक्षेत्रका आधारमा एरिया निर्धारण गरी सदस्य शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

**२. सदस्यता बिस्तार :**

सहकारीका सिद्धान्त, मूल्य मान्यता र ऐनको परिधि भित्र रही सदस्यता विस्तारका लागि विशेष अभियान तथा कार्यक्रमहरु सञ्चालन गरिने छ। यस वर्षको अन्तिम सम्ममा कुल सदस्य संख्या ४००० पुऱ्याईने लक्ष्य लिईएको छ।

**३. प्रोवेसन (PROBATION) कार्यक्रम :**

प्रोवेसन कार्यक्रम अन्तर्गत ब्राण्ड प्राप्त गर्नका लागि नेफ्स्कूनद्वारा दिईएका सल्लाह, सुझाव, निर्देशन तथा मापदण्डहरुको पूर्णरुपमा पालना गर्ने तर्फ विशेष जोड दिइनेछ। यसका लागि आबश्यक नीति तथा कार्यविधिहरु तयार गरी कार्यन्वयनमा ल्याइने छ।

**४. कर्मचारीहरुको दक्षता बृद्धि तथा स्थायित्व :**

कर्मचारीहरुको दक्षता तथा क्षमता अभिबृद्धिका लागि आबश्यक तालिम तथा प्रशिक्षणमा सहभागी गराउनुका साथै विभिन्न कार्यक्रमहरु समेत गरिने छ।

**५. विप्रेषण (रेमिट्यान्स) सेवा :**
संस्थाका सदस्यहरुलाई एकिकृत वित्तीय सेवा प्रदान गर्ने र सदस्य विस्तारमा समेत मद्दत पुग्ने उद्देश्यका साथ बिभिन्न विप्रेषण सेवा प्रदायकसँग आबश्यक समन्वय गरी रेमिट्यान्स सेवा उपलब्ध गराइने छ।

**६. सदस्य सन्तुष्टि सर्वेक्षण तथा अनुसन्धान :**
सदस्यहरुलाई प्रदान गरिने सेवामा आबश्यक परिमार्जन तथा गुणस्तर सुधारको सम्भाव्यता अध्ययन गर्ने अभिप्रायले संस्थाका सदस्यहरु एवं कार्यालयमा सेवा लिन आउने आगन्तुकहरुको सन्तुष्टि सर्वेक्षण गर्न आबश्यक कार्य गरिने छ।

**७. प्रविधिमैत्री सेवा विस्तार :**
वित्तीय क्षेत्रमा प्रयोगमा आएका नविनतम् प्रविधि मार्फत सदस्यहरुलाई स्तरीय सेवा प्रदान गर्ने कार्यलाई थप सुरक्षित, परिमार्जित र परिस्कृत गर्दै लगिने छ।

**८. सेवा केन्द्र कार्यालय विस्तार :**
समुदायस्तरबाट सदस्यहरुलाई सर्वसुलभ एवं प्रभावकारी एकिकृत सेवा उपलब्ध गर्दै सदस्यता विस्तारलाई निरन्तरता दिने उद्देश्य अनुसार सम्बन्धित निकायको स्वीकृति प्राप्त भईसकेको ललितपुर जिल्लाको लुभु क्षेत्रको उचित स्थानमा सेवा केन्द्र स्थापना तथा सञ्चालन गरिने छ।


अन्त्यमा, आ.व. २०७७/०७८ को यथार्थ आय-व्यय र आ.व. २०७८/०७९ का लागि प्रस्तुत अनुमानित बजेट तथा सो सँग सम्बन्धित नीति तथा कार्यक्रमहरु र आ.व. २०७७/०७८ को लेखा परिक्षण प्रतिवेदन यस सभाबाट पारित गरिदिनुहुन अनुरोध गर्दै एघारौं बार्षिक साधारण सभाको पूर्ण सफलताको कामना सहित सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।
जय ज्योतिपुञ्ज ! जय सहकारी !!


**नवराज कार्की**
अध्यक्ष

# विगत पाँच वर्षका मुख्य-मुख्य उपलब्धीहरू


## सदस्यता विस्तार





## शेयर पूँजी




## निक्षेप




## कर्जा लगानी




## जगेडा तथा अन्य कोषहरु



Firm Reg. No. : 524 VAT No. 602810908

# B.R.B.S. & Associates

*Chartered Accountants*

## ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

आ.व. २०७७/०७८को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. **लेखापरीक्षकको राय**

हामीले यसै साथ संलग्न **ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, बानेश्वर, काठमाडौं, नेपालको ३१ आषाढ २०७८ को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव,नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको (यसपछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं । यी वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनको रहेको छ।

मन्तब्यको आधार शिर्षक अन्तर्गत सि.न. २ र ३ मा समावेश भएका बिषय बस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथी उल्लेखित वित्तीय विवरणहरुले सारभुत रुपमा संस्थाको ३१ अषाढ २०७८ को वित्तीय अवस्था तथा सो मितीमा अन्त्य भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुले प्रचलित कानुनका अधिनमा रही यथार्थ चित्रण गर्दछ।
राय नदिईएको आधार शिर्षक अन्तर्गत समाबेश भएका बिषय बस्तुले उल्लेखनिय असर पार्दछन । जसका कारण प्रयाप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त हुन सकेन । लेखापरीक्षण सम्पन्न गर्दा प्रयाप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त नभएकै कारण माथि उल्लेखित वित्तिय विवरणहरुले सारभुत रुपमा संस्थाको ३१ अषाढ २०७८ को वित्तीय अवस्था तथा सो मितीमा अन्त्य भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुले प्रचलित कानुनका अधिनमा रही यथार्थ चित्रण गर्ने वा नगर्ने विषयमा हामी राय दिन नसक्ने अवस्थामा छौं।

२. **कैफियत सहितको रायका आधार**

संस्थाको लेखापरीक्षणका क्रममा भेटिएका कैफियतहरु :

२.१ सहकारी मापदण्ड २०६८ **दफा ३० ऋणको वर्गिकरण** अनुसार संस्थाले प्रवाह गरेको कर्जालाई कर्जाको समयावाधि र कर्जाको स्थिति अनुसार वर्गीकरण गरि सम्भावित कर्जा नोक्सानीको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ।

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आ.व. २०७७।०७८ आषाढ मसान्त सम्मको ऋणमा १% ऋण नोक्सानी व्यवस्था र केहि ऋणमा ३५% र केहि ऋणमा १००% ऋण नोक्सानी व्यवस्था गरेको पाईयो।

२.२ सहकारी मापदण्ड दफा २८ उपदफा १ अनुसार संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कुल पूँजी कोषको १० प्रतिशतमा नवढाई कर्जा प्रदान गर्नु पर्ने व्यवस्था रहेको छ।

सो व्यवस्थाको पालना गर्ने क्रममा केही ऋण लगानी गर्दा कुल पूँजी कोषको १०% भन्दा बढी लगानी गरेको पाइयो।

Address: Shantinagar, New Baneshwor-31, Kathmandu, Nepal
Tel. No. : 01-4107788
Email Id: bijaya.brbsca@gmail.com; bishal.brbsca@gmail.com
bijaya@brbsassociates.com.np, bishal@brbsassociates.com.np, info @brbsassociates.com.np

Firm Reg. No. : 524 VAT No. 602810908

B.R.B.S. & Associates
*Chartered Accountants*

२.३ ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले PEARLS लाई आंशिक रुपमा कार्यान्वयन गरेको पाइयो ।

२.४ ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लेखा नीति तथा मान्यताको प्रावधान यसै साथ संलग्न अनुसूचि १६ मा समावेश गरिएको छ ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मानहरु बमोजिम सम्पन्न गरेका छौं । ति मान बमोजिमहाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" अन्तर्गत थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएको The Handbook of the code of Ethics for Professional Accountants बमोजिम हामी संस्थासंग स्वतन्त्र छौं र हामीले सो ह्यान्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तब्यलाई पर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

३. **राय नदिइएको आधार**

नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएका नेपाल वित्तीय प्रतिवेदनमान पालन निर्देशन (NFRS) अनुसार कुनै पनि संस्थाले अबिक्षिन्न दुई आ. ब. मा रु ५० करोड वा सो भन्दा बढी रकमको प्रत्ययिक सम्पत्ति (Assets holding in Fiduciary Capacity) धारण गरेमा सो संस्थालाई वित्तीय महत्वका निकाय मानीने भएकाले संस्थाले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदन मानहरु बमोजिम तयार गर्नुपर्ने हुन्छ । यस संस्थाद्धारा नेपाल वित्तीय प्रतिवेदनमानहरु पुर्ण रुपमा पालना गरेको नदेखिएकोले सो बिषयमा यस संस्थाको आ. व ०७७।७८ को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तुत गर्न असमर्थ छौं ।

४. **वित्तिय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएका नेपाल वित्तीय प्रतिवेदनमानअनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटीरहित वित्तिय विवरण तयार गर्ने, सम्बन्धीत आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारीक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मुल्याङकन गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरणहरु तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको रहेको छ ।

संस्थाको सञ्चालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

**वित्तिय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटीरहित छन वा छैनन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समाबेश गरी प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो ।उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभुत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमानहरु अनुरुपै गरिएको

Address: Shantinagar, New Baneshwor-31, Kathmandu, Nepal
Tel. No. : 01-4107788
Email Id: bijaya.brbsca@gmail.com; bishal.brbsca@gmail.com
bijaya@brbsassociates.com.np, bishal@brbsassociates.com.np, info @brbsassociates.com.np

Firm Reg. No. : 524 VAT No. 602810908

B.R.B.S. & Associates
Chartered Accountants

लेखापरीक्षणमा समेत उक्त सारभुत त्रुटीहरु सधैं पहिचान हुन्छ भन्ने आश्वस्तता रहँदैन । गलत प्रस्तुती, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन र ती प्रस्तुतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ले उचित अपेक्षा गरिन्छ भन्ने उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुनसक्ने सारभुत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्यांकन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं ।

- प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकाले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभुत गलत प्रस्तुतिहरुको पहिचान नहुने जोखिम अधिक रहन्छ ।

- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमागर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।

- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारीकता तथा लेखा सम्बन्धि खुलासाहरुको मुल्यांकन गर्दछौं ।

- व्यवस्थापनले प्रयोग गरेका व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभुत अनिश्चितताको कारणले संस्थाको व्यवसायको निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभुत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविछिन्न निकायको रुपमा नरहन सक्दछ ।

- वित्तिय विवरणको समग्र प्रस्तुतिकरणको ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्यांकन गर्दछौ । हामीले वित्तिय विवरण उपर

Address: Shantinagar, New Baneshwor-31, Kathmandu, Nepal
Tel. No. : 01-4107788
Email Id: bijaya.brbsca@gmail.com; bishal.brbsca@gmail.com
bijaya@brbsassociates.com.np, bishal@brbsassociates.com.np, info @brbsassociates.com.np

Firm Reg. No. : 524 VAT No. 602810908

# B.R.B.S. & Associates

*Chartered Accountants*

व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण खोजहरु लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपुर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।
सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासगिंक नैतिक आवश्यकताहरु पलना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउदँछौ ।

**अन्य कानुनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

- हामीले लेखापरीक्षणका सम्पन्न गर्न आवश्यक ठानेका सुचना तथा स्पष्टीकरण सन्तोषजनक रुपमा पाएका छौं ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा,हाम्रो रायमा संस्थाको हिसाव किताव तथा लेखा प्रचलित ऐन बमोजिम राखिएको छ ।
- यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन र संलग्न अनूसूचिहरु तोकेको ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाव किताव, वहीखाता, श्रेस्ता र लेखासंग दुरुष्त रहेका छन् ।
- हामीले लेखापरीक्षणको समयमा संस्थाको सञ्चालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा हानी नोक्सानी गरेको, गराईएको जानकारीमा आएन ।

**बि.आर.बि.एस एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउन्टेन्ट्स
**सि.ए. बिशाल राज भुषाल**
(पार्टनर)
मितिः२०७८।०४।३२
काठमाण्डौ, नेपाल
UDIN: 210825CA00780Snnmy

Address: Shantinagar, New Baneshwor-31, Kathmandu, Nepal
Tel. No. : 01-4107788
Email Id: bijaya.brbsca@gmail.com; bishal.brbsca@gmail.com
bijaya@brbsassociates.com.np, bishal@brbsassociates.com.np, info @brbsassociates.com.np

# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि. एघारौं वार्षिक साधारण सभामा सम्पूर्ण सदस्यज्यूहरु तथा शुभचिन्तकहरुमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

"समृद्धिका लागि सहयात्रा" भन्ने उद्घोषका साथ अघि बढेको यस संस्थाले सदस्यहरुलाई आबश्यक्ता अनुसार तुलनात्मक रुपमा गुणस्तरीय सेवाहरु दिँदै सदस्यको आर्थिक र सामाजिक जीवनस्तर उकास्नमा प्रत्यक्ष योगदान पुऱ्याउँदै आईरहेको छ र संस्थाले आफ्ना सम्पूर्ण आर्थिक एवं व्यवस्थापकीय पक्षलाई चुस्त दुरुस्त बनाई इमान्दारिता, पारदर्शिता र जवाफदेहिताका साथ सदस्यहरुसँग सहकार्य गर्दै अघि बढिरहेको छ।

यसै अवसरमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट आ.व. २०७७/०७८ मा संस्थाका काम कारवाहीहरुको अनुगमन एवं निरीक्षण गरि प्राप्त कैफियत टिप्पणी तथा सुझावहरुलाई सहकारी ऐन नियमले तोकिदिए बमोजिम यो प्रतिवेदन बुँदागत रुपमा प्रस्तुत गरेको छौं।

१. आ.व.२०७७/०७८ को अवधि भित्र बिभिन्न समयमा यस समितिले संस्थाका कार्यालय तथा सेवा केन्द्रहरुको अनुगमन गर्दा दशौं वार्षिक साधारण सभामा पारित नीति तथा कार्यक्रमहरुको कार्यन्वयन भइरहेको पाइयो।

२. निर्धारित लक्ष्य बमोजिम संस्थालाई अघि बढाउन सञ्चालक समितिको बैठक १५ पटक बसी बिभिन्न निर्णयहरु गरेको र उक्त निर्णयहरु मध्ये अधिकांश कार्यन्वयनमा आएको पाइयो।

३. यस संस्थाले ऋण लगानी गर्दा व्यावस्थापनबाट रु. १० लाख सम्म, ऋण उपसमितिबाट ५० लाख सम्म र सो भन्दा माथि सञ्चालक समितिले स्वीकृत गरेर ऋण प्रदान गरेको देखिन्छ। ऋण सुरक्षणमा बचत जमानी र अचल सम्पत्ति धितो लिई ऋण प्रदान गरेको पाइयो।

४. सहकारी विभागबाट गरिएका निर्देशनहरु अधिकांश कार्यान्वयन भईसकेको र केहि कार्यान्वयनको क्रममा रहेको देखिन्छ।

५. यस संस्थाका कार्यकारी प्रमुखको पारिश्रमिक कर्मचारी प्रशासन नियमावली तथा निर्णय बमोजिम ब्यवस्था गरेको पाईयो भने सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उप समितिका पदाधिकारीहरुलाई बैठक भत्ता बाहेक अन्य कुनै प्रकारको सेवासुबिधा दिएको देखिएन।

६. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :
   क) कर्मचारी व्यवस्थापनको लागि मानवसंसाधन नीति साधारण सभाबाट अनुमोदन गराई लागु गरेको पाइयो।
   ख) संस्थाको लागि आबश्यक कर्मचारी सोही नीति अनुरुप नियुक्ति प्रकृया पुऱ्याई खुल्ला प्रतिस्पर्धा गराई क्षमताका आधारमा नियुक्ति गरेको पाइयो।

७. गत आ.व.मा लेखा सुपरिवेक्षण समितिको तर्फबाट दिइएका सुझावहरुलाई सञ्चालक समिति तथा व्यवस्थापनले पालना गरेकै पाइयो।

**यस समितिको तर्फबाट सञ्चालक समितिलाई केहि सुझावहरु :**

१) सदस्यता विस्तारमा विशेष जोड दिनुपर्ने ।

२) उत्पादनमूलक क्षेत्रमा संस्थाको लगानी बृद्धि गर्नुपर्ने ।

३) सदस्यहरुको आर्थिक तथा सामाजिकस्तर उकास्न समय-समयमा बिभिन्न किसिमका शिक्षा, तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।

४) यस संस्थाको ऋण लगानी रकमको तुलनामा ऋणी सदस्यहरुको संख्यामा कमी देखिएको हुनाले सानो आकारका धेरै सदस्यमा ऋण लगानी गर्नेतर्फ जोड दिनुपर्ने ।

अन्त्यमा, यस समितिले पाएको जिम्मेवारी पुरा गर्ने क्रममा सहयोग गर्नुहुने पदाधिकारी तथा कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद सहित संस्था र सदस्यहरुको हितमा रही कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

धन्यवाद ।

**लेखा सुपरिवेक्षण समिति**

संयोजक : एलिना थापा

सदस्य : नानी मैयाँ श्रेष्ठ

सदस्य : गीता राउत

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

२०७८ आषाढ मसान्त

## वासलात

| पूँजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| शेयर पूँजी | | १०४,११०,०००.०० | १०१,८८५,६००.०० |
| जगेडा तथा कोष | १ | ११०,१७३,४५६.७२ | ७२,८२५,३२८.१८ |
| ऋण सापटी | २ | १५८,१७२,८६५.८५ | १२४,४००,०००.०० |
| निक्षेप दायित्व | ३ | १,१७५,५४०,११०.७३ | १,१११,९५२,५७५.०३ |
| अन्य दायित्व | ४ | ५३,८८८,७५७.१४ | ४९,०८७,६३८.९६ |
| कर्जा नोक्सानी ब्यवस्था | ५ | २४,४२४,६०४.२७ | १३,८४६,२४४.४७ |
| स्थगन कर दायित्व | | - | - |
| **जम्मा** | | **१,६२६,३०९,७९४.७१** | **१,४७३,९९७,३८६.६४** |

| जायजेथा तथा सम्पत्ति | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| स्थिर सम्पत्ति | ६ | ६७,४०४,९३९.२६ | ६५,५६४,२७९.९९ |
| नगद तथा बैंक मौज्दात | ७ | २०८,९२७,८००.८८ | १८१,९१८,८०९.५७ |
| ऋण लगानी तथा सापटी | ८ | १,३१६,५९०,७८५.७५ | १,१९३,३२८,४०२.३७ |
| लगानी | ९ | ११,७५९,०००.०० | ११,२५९,०००.०० |
| अन्य सम्पत्ति | १० | २१,६२७,२६८.८२ | २१,९२६,८९४.७१ |
| स्थगन कर सम्पत्ति | | - | - |
| **जम्मा** | | **१,६२६,३०९,७९४.७१** | **१,४७३,९९७,३८६.६४** |

**प्रमुख लेखा नीति तथा टिप्पणीहरु अनुसूची १६**

१ देखि १० सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन्।

**यसै मितिको हाम्रो संलग्न प्रतिवेदनका आधारमा**

**नवराज कार्की**
अध्यक्ष

**संगित प्रधान**
उपाध्यक्ष

**नविन श्रेष्ठ**
सचिव

**सावित्रा कार्की**
कोषाध्यक्ष

**गौरी कुमार खत्री**
सञ्चालक

**रामेश्वर थापा**
सञ्चालक

**सिता खड्का**
सञ्चालक

**लेखा तथा सुपरिवेक्षण समिति**

**एलिना थापा**
संयोजक

**गिता राउत**
सदस्य

**नानी मैया श्रेष्ठ**
सदस्य

बि.आर.बि.एस एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

BRBS & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

**सि.ए. बिशाल राज भुषाल**
(पार्टनर)
मितिः२०७८।०४।३२
काठमाण्डौ, नेपाल
UDIN: 210825CA00780Snnmy

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

२०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ ३१ गतेसम्म

## नाफा नोक्सान हिसाब

| शीर्षक | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **आम्दानी** | | | |
| ब्याज आम्दानी | ११ | १९५,२०३,०५६.७८ | १८३,६०४,०२३.९७ |
| अन्य आम्दानी | १२ | २५,०४४,८७५.६१ | १५,१४८,१३८.९६ |
| **जम्मा** | | **२२०,२४७,९३२.३९** | **१९८,७५२,१६२.९३** |
| **खर्च** | | | |
| ब्याज खर्च | १३ | ११९,७९२,४५९.०१ | १३०,६२८,५४२.४५ |
| कर्मचारी खर्च | १४ | १५,९७७,६०४.४९ | १५,९४८,१५१.४४ |
| प्रशासनिक खर्च | १५ | ८,५९३,७८८.२४ | ८,७८६,७२१.६४ |
| कर्जा नोक्सानी ब्यवस्था | ५ | १०,५७८,३५९.८० | ९९७,९८०.५४ |
| ह्रास कट्टी खर्च | ६ | ३,४३४,३४२.१७ | ३,२१८,२९४.४३ |
| ऋणमा ब्याज खर्च | | २,९८९,२८५.४० | ८,७२६,५२१.१० |
| **जम्मा** | | **१६१,३६५,८३९.११** | **१६८,३०६,२११.६०** |
| आयकर र बोनस अगाडिको नाफा/(नोक्सान) | | ५८,८८२,०९३.२८ | ३०,४४५,९५१.३३ |
| कर्मचारी बोनस व्यवस्था | | ५,८८८,२०९.३३ | ३,०४४,५९५.१३ |
| यस बर्ष आयकर अघिको नाफा | | ५२,९९३,८८३.९५ | २७,४०१,३५६.२० |
| कर खर्च | | ५,२९९,३८८.४० | २,७४०,१३५.६२ |
| चालु कर खर्च | | ५,२९९,३८८.४० | २,७४०,१३५.६२ |
| स्थगन कर खर्च | | - | - |
| **खुद नाफा/(नोक्सान)** | | **४७,६९४,४९५.५६** | **२४,६६१,२२०.५८** |

**प्रमुख लेखा नीति तथा टिप्पणीहरु अनुसूची १६**

११ देखि १५ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसाबका अभिन्न अंग हुन् ।

**यसै मितिको हाम्रो संलग्न प्रतिवेदनका आधारमा**

**नवराज कार्की**
अध्यक्ष

**संगित प्रधान**
उपाध्यक्ष

**नविन श्रेष्ठ**
सचिव

**सावित्रा कार्की**
कोषाध्यक्ष

**गौरी कुमार खत्री**
सञ्चालक

**रामेश्वर थापा**
सञ्चालक

**सिता खड्का**
सञ्चालक

**लेखा तथा सुपरिवेक्षण समिति**

**एलिना थापा**
संयोजक

**गिता राउत**
सदस्य

**नानी मैया श्रेष्ठ**
सदस्य

बि.आर.बि.एस एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

BRBS & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

**सि.ए. बिशाल राज भुषाल**
(पार्टनर)
मिति:२०७८।०४।३२
काठमाण्डौ, नेपाल
UDIN: 210825CA00780Snnmy

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

२०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ ३१ गतेसम्म

## नगद प्रवाह विवरण

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **क. कारोबार संचालनबाट नगद प्रवाह** | **७,१३३,०९३.९२** | **४,५९९,१४६.१५** |
| **१. नगद प्राप्ति** | **२२०,२४७,९३२.३९** | **१९८,७५२,१६२.९३** |
| १.१ ऋण लगानीबाट ब्याज आम्दानी | १९५,२०३,०५६.७८ | १८३,६०४,०२३.९७ |
| १.२ अन्य आम्दानी | २५,०४४,८७५.६१ | १५,१४८,१३८.९६ |
| **२. नगद भुक्तानी** | **(१५३,१३७,८६७.८९)** | **(१६७,४०४,८७१.२५)** |
| २.१ ब्याज खर्च | (११९,७९२,४५९.०१) | (१३०,६२८,५४२.४५) |
| २.२ कर्मचारी खर्च | (१५,९७७,६०४.४९) | (१५,९४८,१५१.४४) |
| २.३ कार्यालय संचालन खर्च | (८,५९३,७८८.२४) | (८,७८६,७२१.६४) |
| २.४ आयकर भुक्तानी | (२,७४०,१३५.६२) | (३,३१४,९३४.६२) |
| २.५ ऋणमा व्याज भुक्तानी | (२,९८९,२८५.४०) | (८,७२६,५२१.१०) |
| २.६ बोनस भुक्तानी | (३,०४४,५९५.१३) | – |
| **सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(१२२,९६२,७५७.४९)** | **(११५,१११,७९८.३३)** |
| १. ऋण लगानीमा कमी/(वृद्धि) | (१२३,२६२,३८३.३८) | (९९,७९८,०५३.६३) |
| २. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | २९९,६२५.८९ | (१५,३१३,७४४.७०) |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/बृद्धि** | **६२,९८५,७८६.९१** | **८८,३६३,६५२.८०** |
| १. निक्षेपमा हिसाबमा (कमी)/वृद्धि | ६३,५८७,५३५.७० | ७९,४३६,६२१.६४ |
| २. चालु दायित्व हिसाबमा (कमी)/वृद्धि | (६०१,७४८.७९) | ८,९२७,०३१.१६ |
| **ख. वित्तीय कारोवारबाट नगद प्रवाह** | **२५,६५०,८९८.८३** | **(८,२६८,०६३.२१)** |
| १. शेयर पूँजीमा कमी/वृद्धि | २,२२४,४००.०० | १२,१६३,७००.०० |
| २. कोषमा कमी/वृद्धि | (१०,३४६,३६७.०२) | (१२,५६५,१०५.२१) |
| ३. ऋण नेफ्सकुन | ३३,७७२,८६५.८५ | (७,८६६,६५८.००) |
| **ग. लगानी कारोवारबाट नगद प्रवाह** | **(५,७७५,००१.४३)** | **७,३५७,७७२.००** |
| १. लगानीमा कमी/वृद्धि | (५००,०००.००) | (५,१००,०००.००) |
| २. स्थिर सम्पत्ति खरिद | (५,२७५,००१.४३) | (२,०४३,२३९.००) |
| **घ. यस वर्षको खुद नगद प्रवाह (क+ख+ग)** | **२७,००८,९९१.३१** | **३,६८८,८५४.९४** |
| **ङ. शुरु नगद तथा बैंक मौज्दात** | **१८१,९१८,८०९.५७** | **१७८,२२९,९५४.६३** |
| **च. अन्तिम नगद तथा बैंक मौज्दात (घ+ङ)** | **२०८,९२७,८००.८८** | **१८१,९१८,८०९.५७** |

**प्रमुख लेखा नीति तथा टिप्पणीहरु अनुसूची १६**

| | | | |
|---|---|---|---|
| **नवराज कार्की**<br>अध्यक्ष | **संगित प्रधान**<br>उपाध्यक्ष | **नविन श्रेष्ठ**<br>सचिव | **सावित्रा कार्की**<br>कोषाध्यक्ष |
| **गौरी कुमार खत्री**<br>सञ्चालक | **रामेश्वर थापा**<br>सञ्चालक | **सिता खड्का**<br>सञ्चालक | |

**लेखा तथा सुपरिवेक्षण समिति**

| | | |
|---|---|---|
| **एलिना थापा**<br>संयोजक | **गिता राउत**<br>सदस्य | **नानी मैया श्रेष्ठ**<br>सदस्य |

बि.आर.बि.एस एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

BRBS & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

**सि.ए. बिशाल राज भुषाल**
(पार्टनर)
मिति:२०७८।०४।३२
काठमाण्डौ, नेपाल
UDIN: 210825CA00780Snnmy

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

## आ.व. ०७७/०७८ को कोष बाँडफाँड हिसाब विवरण

अनुसूची १

| विवरण | २०७७/०७८ को खुद नाफा | आय कर ब्यवस्था १०% | कोषमा बाँडफाँड हुने रकम |
|---|---|---|---|
| आय व्यय विवरण अनुसार | ५२,९९३,८८३.९५ | ५,२९९,३८८.४० | ४७,६९४,४९५.५६ |

| विवरण | % | २०७६/०७७ सम्म | २०७७/०७८ मा रकमान्तर रु थप घट | | यस वर्ष सम्मको रकम रु | २०७७/०७८ को नाफा बाट | २०७७/०७८ सम्मको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | परिचालन | वितरण | | | |
| जगेडा कोष | ४५% | ४९,६९४,२२३.९० | ७,५९२,७७३.१६ | ५,६३९.७७ | ५७,२८१,३५७.२९ | २१,४६२,५२३.०० | ७८,७४३,८८०.३० |
| **जम्मा** | **४५%** | **४९,६९४,२२३.९०** | **७,५९२,७७३.१६** | **५,६३९.७७** | **५७,२८१,३५७.२९** | **२१,४६२,५२३.००** | **७८,७४३,८८०.३०** |
| **बाँकी ७५% लाई १००% मानी ऐन अनुसार बाँडफाँड** | | | | | | | |
| संरक्षित पूँजी फिर्ता कोष | २५% | ४,६२३,९७८.८६ | | ४,६२३,९७८.८६ | ०.०० | ६,५५७,९९३.१४ | ६,५५७,९९३.१४ |
| सहकारी प्रवर्द्धन कोष | ०.५% | ९२,४७९.६२ | | ०.०० | ९२,४७९.६२ | १३१,१५९.८६ | २२३,६३९.४८ |
| **जम्मा** | **२५.५०%** | **४,७१६,४५८.४८** | **-** | **४,६२३,९७८.८६** | **९२,४७९.६२** | **६,६८९,१५३.००** | **६,७८१,६३२.६२** |
| **बाँकी रहेको रकमलाई १००% मानी ऐन अनुसार बाँडफाँड** | | | | | | | |
| शेयर लाभांस कोष | ८०% | ११,३१४,०२०.९८ | - | ११,२४२,६०३.०० | ७१,४१७.९८ | १५,६३४,२५५.६४ | १५,७०५,६७३.६२ |
| घाटा पूर्ति कोष | ५% | ४,९८९,३०८.५४ | - | ०.०० | ४,९८९,३०८.५४ | ९७७,१४०.९८ | ५,९६६,४४९.५२ |
| सहकारी शिक्षा कोष | ५% | ६८८,९७२.८५ | - | ६८८,९७२.८५ | - | ९७७,१४०.९८ | ९७७,१४०.९८ |
| सहकारी विकास कोष | ५% | ६८८,९७२.८५ | - | ६८८,९७२.८५ | ०.०० | ९७७,१४०.९८ | ९७७,१४०.९८ |
| कर्मचारी कल्याण कोष | ०% | ४४,३९७.७३ | - | - | ४४,३९७.७३ | - | ४४,३९७.७३ |
| ऋण जोखिम व्यवस्थापन कोष | ५% | ६८८,९७२.८५ | - | ६८८,९७२.८५ | ०.०० | ९७७,१४०.९८ | ९७७,१४०.९८ |
| **जम्मा** | **१००%** | **१८,४१४,६४५.८०** | **-** | **१३,३०९,५२१.५५** | **५,१०५,१२४.२५** | **१९,५४२,८१९.५६** | **२४,६४७,९४३.८१** |
| **कोषको रकम वासलातमा सारेको** | | **७२,८२५,३२८.१८** | **७,५९२,७७३.१६** | **१७,९३९,१४०.१७** | **६२,४७८,९६१.१६** | **४७,६९४,४९५.५६** | **११०,१७३,४५६.७२** |

**नवराज कार्की**
अध्यक्ष

**संगित प्रधान**
उपाध्यक्ष

**नविन श्रेष्ठ**
सचिव

**सावित्रा कार्की**
कोषाध्यक्ष

**गौरी कुमार खत्री**
सञ्चालक

**रामेश्वर थापा**
सञ्चालक

**सिता खड्का**
सञ्चालक

**लेखा तथा सुपरिवेक्षण समिति**

**एलिना थापा**
संयोजक

**गिता राउत**
सदस्य

**नानी मैया श्रेष्ठ**
सदस्य

BRBS & ASSOCIATES
Kathmandu Nepal
Chartered Accountants

**बि.आर.बि.एस एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउन्टेन्ट्स

**सि.ए. बिशाल राज भुषाल**
(पार्टनर)
मिति:२०७८।०४।३२
काठमाण्डौ, नेपाल
UDIN: 210825CA00780Snnmy

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

## २०७८ आषाढ मसान्त

### ऋण सापटी

अनुसूची २

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| नेफ्स्कुन | १५१,१००,०००.०० | १२४,४००,०००.०० |
| राष्ट्रिय सहकारी बैंक लि. | ७,०७२,८६५.८५ | - |
| **जम्मा** | **१५८,१७२,८६५.८५** | **१२४,४००,०००.००** |

### निक्षेप दायित्व

अनुसूची ३

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| साधारण/बिशेष बचत | ४५५,४९०,८५५.०२ | ४९४,७७९,२३५.५९ |
| आवधिक बचत | ६८०,९५४,१४८.४६ | ५७१,७८५,११०.४६ |
| क्रमिक अवधि बचत | ३४,९७९,१००.४७ | ४५,२४५,११३.०१ |
| नियमित बचत | ४,११६,००६.७८ | १४३,११५.९७ |
| **जम्मा** | **१,१७५,५४०,११०.७३** | **१,१११,९५२,५७५.०३** |

### चालु तथा अन्य दायित्व

अनुसूची ४

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| तिर्नुपर्ने ब्याज | ३७,२७८,४२६.६९ | ३८,३८५,८९०.९२ |
| भुक्तानी दिन बाँकि टि.डि.एस. | ३,६७८,१५१.३३ | ४,०८४,८६९.१८ |
| लेखापरीक्षण शुल्क | ८३,६२५.०० | ६६,९००.०० |
| आयकर व्यवस्था | ५,२९९,३८८.४० | २,७४०,१३५.६२ |
| तिर्नुपर्ने सण्ड्री क्रेडिटर्स | १,६६०,९५६.४० | ७६५,२४८.११ |
| बोनस व्यवस्था | ५,८८८,२०९.३३ | ३,०४४,५९५.१३ |
| **जम्मा** | **५३,८८८,७५७.१४** | **४९,०८७,६३८.९६** |

### कर्जा नोक्सानी व्यवस्था

अनुसूची ५

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कुल कर्जा | १,३१६,५९०,७८५.७५ | १,१९३,३२८,४०२.३७ |
| कुल कर्जा नोक्सानी व्यवस्था | २४,४२४,६०४.२७ | १३,८४६,२४४.४७ |
| गत वर्ष सम्मको व्यवस्था | १३,८४६,२४४.४७ | १२,८४८,२६३.९३ |
| **यस वर्षको थप व्यवस्था** | **१०,५७८,३५९.८०** | **९९७,९८०.५४** |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

## आ. व. २०७७/०७८ को सम्पत्ति तथा ह्रास कट्टी विवरण

अनुसूची ६

| समूह | विवरण | सुरु मौज्दात | यस वर्ष थप | | | निसर्ग/मिलान | जम्मा रकम | ह्रास दर | ह्रास रकम | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पौष सम्म | माघ देखि चैत्र सम्म | बैशाख देखि आषाढ सम्म | | | | | |
| क | **कार्यालय भवन तथा जग्गा** | | | | | | | | | |
| | कार्यालय भवन तथा जग्गा | २४,८००,०००.०० | | | | | २४,८००,०००.०० | | - | २४,८००,०००.०० |
| | कार्यालय भवन | ३३,०९३,६४९.०५ | | | | | ३३,०९३,६४९.०५ | ५% | १,६५४,६८२.४५ | ३१,४३८,९६६.६० |
| | लिजहोल्ड सम्पत्ति | ३,०५४,११२.५६ | | २,५३४,१२३.०० | | | ५,५८८,२३५.५६ | ५% | २४६,१२७.१२ | ५,३४२,१०८.४६ |
| ख | **फर्निचर तथा फिक्सचर्स** | | | | | | | | | |
| | फर्निचर, फिक्सचर्स | ८१८,५९२.०४ | | १,४२८,३२०.०० | ९१,८९१.०० | | २,३३८,८०३.०४ | २५% | ४५०,३५८.९३ | १,८८८,४४४.९३ |
| | स्टिल फर्निचर | १५,४९३.५० | | | | | १५,४९३.५० | २५% | ३,८७३.३८ | ११,६२०.१३ |
| | अफिस इक्युपमेन्ट | ९८२,८८१.७५ | ९,५००.०० | ७६५,५१८.०० | १७६,९७०.४३ | | १,९३४,८७०.१८ | २५% | ३९०,४२९.३१ | १,५४४,४४०.०५ |
| | अन्य | ६३६,४२९.९३ | ३३,९००.०० | ६९,७७९.०० | | | ७४०,१०८.९३ | २५% | १७९,२१२.३२ | ५६०,८९६.६२ |
| ग | **सवारी सधान** | | | | | | | | | |
| | मोटर गाडी | १,७१७,६३२.०० | | | | | १,७१७,६३२.०० | २०% | ३४३,५२६.४० | १,३७४,१०५.६० |
| घ | **अन्य सम्पत्ति** | ४२४,४५६.८९ | | | | | ४२४,४५६.८९ | १५% | ६३,६६८.५३ | ३६०,७८८.३६ |
| ङ | **सफ्टवेयर** | २१,०३२.२६ | १६५,०००.०० | | | | १८६,०३२.२६ | | १०२,४६३.७४ | ८३,५६८.५२ |
| | अघिल्लो बर्षको मिलान | | | | | | | | | |
| | **जम्मा** | **६५,५६४,२७९.९९** | २०८,४००.०० | ४,७९७,७४०.०० | **२६८,८६१.४३** | - | **७०,८३९,२८१.४२** | | **३,४३४,३४२.१७** | **६७,४०४,९३९.२६** |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

## २०७८ आषाढ मसान्त

### बैंक तथा नगद मौज्दात

अनुसूची ७

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| नगद मौज्दात | ३०,८२५.०० | २,००२,४९८.०० |
| **बैंक मौज्दात :** | | |
| ग्लोबल आई. एम. ई. बैंक लि. | २,११०,७८४.२७ | ५,९६५,२४४.७६ |
| प्रभु बैंक लि. | १७२,९८१.०२ | २,०५७,१०१.२६ |
| गरिमा विकास बैंक लि. | ८,२५२.०७ | ४९६,३६७.०१ |
| प्राईम बैंक लि. | ३२६,३२८.३९ | १,४६५,८६१.७४ |
| गुर्खाज फाइनान्स लि. | ४,३१२.८१ | ८२१,७८३.२४ |
| गुडविल फाइनान्स लि. | १८२,९५२.९५ | ५,५४८,७०९.५० |
| राष्ट्रिय सहकारी बैंक लि. | २६,२०५,७५२.५८ | ६,३१७,४६८.३२ |
| नेफ्स्कुन | ९१,६७८,८७२.६३ | १०९,८५०,३६६.४७ |
| ललितपुर जिल्ला वचत तथा ऋण सहकारी संघ लि. | १९,१५१,९७६.११ | ७,५४१,९३१.८४ |
| नेफ्स्कुन साधारण बचत | ६८,८८२.३० | ६०,३५५.१९ |
| नेफ्स्कुन लाभांस खाता | १,३६८.३६ | ६,२९१.०४ |
| आबधिक बचत नेफ्स्कुन | ५०,०००,०००.०० | – |
| कास्कुन | २,६८५.६७ | २,०००.०० |
| कास्कुन लाभांस खाता | ४,४५०.०२ | – |
| मेघा बैंक लि. | ७२९,६७२.२५ | ४,३०६,४८४.५७ |
| सानिमा बैंक लि. | ९६,१३४.०९ | १,१६६,९३५.७२ |
| देब बिकास बैंक लि. | – | १,४२२,३१३.५४ |
| सनराइज बैंक लि. | ९४८,०१८.८६ | २,८०२,८२७.२६ |
| एन.सि.सि बैंक लि. | २,९५६,४९३.६७ | ९७४,७७९.२५ |
| सिटिजन बैंक लि. | २०२,३७६.८४ | ५,११५,५४९.७४ |
| सिद्धार्थ बैंक लि. | ७,४२१,४१८.५७ | ११,४४९,८३३.९७ |
| एन.आई.सि.एसिया बैंक लि. | २३६,५९३.८९ | ४३४,३२२.१५ |
| एन.एम.बि बैंक लि. | ५१७,७४३.३४ | ४८७,४३४.२३ |
| कुमारी बैंक लि. | २,५९९,७४५.८५ | २४१,५९१.८२ |
| मुक्तिनाथ बिकास बैंक लि. | ६,३७५.१३ | ६७०,२७३.१४ |
| आई. सि. एफ. सि फाइनान्स लि. | २,९८६,९०६.२७ | ८,४०८,४६४.१५ |
| सिभिल बैंक लि. | ४२,७८०.८८ | २२१,६४७.८७ |
| लक्ष्मी बैंक लि. | ५५,०५४.४३ | १,०२१,७३४.४२ |
| गण्डगि बिकाश बैंक लि. | – | ४६७,४४४.३१ |
| सेन्चुरी बैंक लि. | १७८,०६२.६३ | ५९१,१९५.०६ |
| **जम्मा** | **२०८,९२७,८००.८८** | **१८१,९१८,८०९.५७** |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

## २०७८ आषाढ मसान्त

### ऋण लगानी तथा सापटी

अनुसूची ८

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| व्यापारिक ऋण | ३३७,५२६,७७२.१९ | ५२४,४०४,५७४.४६ |
| हायर पर्चेज ऋण | २४,९५४,३०४.७३ | ३८,६४७,६४१.१८ |
| सामूहिक जमानी ऋण | ३९,९७९,३१३.८६ | ८३,७६७,५९२.५५ |
| मुद्दती रसिद धितो ऋण | २१,५४९,३८१.९१ | ६,४३८,३१३.३६ |
| आवास ऋण | ८४९,६४०,६१३.८० | ५४०,०७०,२८०.८२ |
| बचत जमानी कर्जा | ४२,९४०,३९९.२६ | – |
| **जम्मा** | **१,३१६,५९०,७८५.७५** | **१,१९३,३२८,४०२.३७** |

### लगानी

अनुसूची ९

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| ललितपुर जिल्ला सहकारी संघ | ६११,०००.०० | १११,०००.०० |
| राष्ट्रिय सहकारी बैंक | १,०००,०००.०० | १,०००,०००.०० |
| जिल्ला सहकारी संघ | ५,०००.०० | ५,०००.०० |
| कास्कुन | १०,०००.०० | १०,०००.०० |
| नेफ्स्कुन | १०,१३३,०००.०० | १०,१३३,०००.०० |
| **जम्मा** | **११,७५९,०००.००** | **११,२५९,०००.००** |

### अन्य सम्पत्ति

अनुसूची १०

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| प्राप्त हुनुपर्ने ब्याज | ८,७२५,३७७.८१ | १२,८१३,१२०.८४ |
| न्यून: ब्याज मुल्तवि | (८,७२५,३७७.८१) | (१०,५५६,९९३.३४) |
| आषाढ मसान्त पछि उठेको ब्याज | – | २,२५६,१२७.५० |
| अग्रिम आयकर | ५,७२३,४५४.६२ | ३,३९०,४३९.०४ |
| प्रभु मनी ट्रान्सफर धरौटी | ४५०,०००.०० | ४००,०००.०० |
| अग्रिम भुक्तानी हिसाव | ३२०,३९०.४४ | ६८२,२९४.३९ |
| ग्लोबल आई.एम.इ धरौटी | ४,२००.०० | ४,२००.०० |
| अन्य पाउनु पर्ने | १८३,३२७.२८ | ४९,९१०.२१ |
| आई.एम.इ सहकारी संस्था लि. | २८१,९६८.९७ | ५००,०००.०० |
| आई.एम.इ धरौटि | ३००,०००.०० | – |
| ग्लोबल आई.एम.इ कारोबार | (१९,०८५.००) | २५,०००.०० |
| प्रभु मनि ट्रान्सफर कारोबार | (११७,९९८.४९) | ११७,९१२.५७ |
| गैर बैकिङ्ग सम्पत्ति | १४,५०१,०११.०० | १४,५०१,०११.०० |
| **जम्मा** | **२१,६२७,२६८.८२** | **२१,९२६,८९४.७१** |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

## २०७८ आषाढ मसान्त

### ब्याज आम्दानी

अनुसूची ११

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| व्यापारिक कर्जा | ६५,७९५,९८८.२४ | ७२,८५१,१५४.९८ |
| हायर पर्चेज कर्जा | ५,४५१,२९०.८२ | ६,४६५,६१४.९१ |
| सामूहिक जमानी कर्जा | ८,३४२,७८१.१४ | ११,०९२,८०४.७२ |
| मुद्धती रसिद धितो कर्जा | २,७०८,४५६.११ | १,८८७,४१७.३३ |
| आवास कर्जा | १०७,०२९,८२०.७९ | ७६,६१४,२७३.१३ |
| शैक्षिक कर्जा | – | ८४,२१२.२६ |
| कृषि कर्जा | – | १३७,८६४.८७ |
| बचत जमानी कर्जा | २३७,७७१.६४ | – |
| बैंक ब्याज | ५,६३६,९४८.०४ | १४,४७०,६८१.७७ |
| **जम्मा** | **१९५,२०३,०५६.७८** | **१८३,६०४,०२३.९७** |

### अन्य आम्दानी

अनुसूची १२

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| व्यवस्थापन शुल्क | १६,९३४,०८७.०० | ११,९०८,८०९.०० |
| नवीकरण शुल्क | २,५७१,७२५.०० | ४३,५००.०० |
| कर्जा फारम शुल्क | ८९,०००.०० | २१९,०१०.०० |
| फिल्ड रिपोर्ट शुल्क | ५६,५००.०० | १५०,५००.०० |
| सदस्यता शुल्क | ४५,२००.०० | ६७,३००.०० |
| बिबिध आम्दानी | ६२६,५३३.५७ | ५०८,४२८.१६ |
| खाता बन्द शुल्क | ९३,०१८.८१ | ३७,०३५.०० |
| जरिवाना शुल्क | ३,८४९,३६१.२३ | १,७०५,५५६.८० |
| घरबाहल आम्दानी | ७७९,४५०.०० | ५०८,०००.०० |
| **जम्मा** | **२५,०४४,८७५.६१** | **१५,१४८,१३८.९६** |

### ब्याज खर्च

अनुसूची १३

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| क्रमिक आवधिक बचत | ३७,३७८.४८ | ७२,९२०.९३ |
| बिशेष बचत | ४०,९८०,२८३.०१ | ५७,३८४,०८६.९६ |
| नियमित मुद्धती बचत | ७७,८९५,५३४.३० | ७२,०४६,१३२.८३ |
| साधारण बचत | ८७९,२६३.२२ | १,१२५,४०१.७३ |
| **जम्मा** | **११९,७९२,४५९.०१** | **१३०,६२८,५४२.४५** |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

## २०७८ आषाढ मसान्त

**कर्मचारी खर्च** — अनुसूची १४

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| तलब तथा भत्ता | ८,५७०,५२८.०७ | ८,६६५,४८२.०० |
| ग्रेड खर्च | १८५,८९१.५२ | ६८,२५०.०० |
| दशै भत्ता | ६८२,५६१.०० | ६९६,५३४.०० |
| महंगी भत्ता | ३,८७४,५९२.२५ | ३,८४७,१६०.०० |
| अतिरिक्त समय भत्ता | १३६,२५४.०० | २२९,७३१.७५ |
| उपदान खर्च | ७१५,१५१.६४ | ६८०,३७७.८० |
| पोशाक खर्च | – | २३४,३००.०० |
| प्रोत्साहन खर्च | – | २३६,८००.०० |
| खाजा खर्च | ५६७,११०.४३ | १९६,५५०.०० |
| तालिम खर्च | ३६,१३०.०० | २७,४००.०० |
| कर्मचारी संचयकोष | ८७३,७३१.७५ | ८२०,०८०.०० |
| सामाजिक सुरक्षा कोष खर्च | २६,४४८.१७ | – |
| बिदा भत्ता | २७९,५४१.६६ | १९३,७२०.८९ |
| बिमा खर्च | २९,६६४.०० | ५१,७६५.०० |
| **जम्मा** | **१५,९७७,६०४.४९** | **१५,९४८,१५१.४४** |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

## २०७८ आषाढ मसान्त

### प्रशासनिक खर्च

अनुसूची १५

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कार्यालय व्यवस्थापन खर्च | २९१,१८५.०० | ६४२,३३४.०० |
| बिज्ञापन खर्च | – | ४७,०११.०० |
| घर बहाल खर्च | १,८९६,९६०.९० | १,८१९,०२०.०० |
| टेलिफोन, टेलिग्राम, फ्याक्स खर्च | १५७,०००.०० | १७१,६००.०० |
| छपाई तथा मसलन्द खर्च | ७४३,०७१.०० | ६००,४२५.०० |
| मर्मत तथा संभार खर्च | ३८६,५६५.७५ | २७८,९४३.०० |
| पत्रपत्रिका खर्च | २१,४२०.०० | २५,९३०.०० |
| अतिथि सत्कार खर्च | ९७०.०० | ७,६६५.०० |
| ईन्धन खर्च | ४६०,३८३.०० | ४९५,७९७.०० |
| विद्युत तथा पानी खर्च | ४१७,९०६.३० | ३५९,६४४.०० |
| ऋण प्रशोधन खर्च | ५२६,६५०.०० | ३२०,६४५.०० |
| बैठक भत्ता खर्च | ३९०,०००.०० | २४८,०००.०० |
| सहयोग तथा चन्दा खर्च | – | १२,०००.०० |
| अन्य कार्यालय खर्च | ३८०,७३७.२९ | २२१,०९४.६४ |
| साधारण सभा खर्च | १३१,५४०.०० | ६२५,२९७.०० |
| आन्तरिक लेखापरीक्षण शुल्क | १३५,६००.०० | ११३,०००.०० |
| सफ्टवेयर खर्च | ४०५,८९८.०० | ३५९,९५५.०० |
| अन्तिम लेखापरीक्षण शुल्क | ८४,७५०.०० | ६७,८००.०० |
| भान्सा खर्च | २९१,७८६.०० | ५५८,५९४.७४ |
| सवारी कर खर्च | १०३,२२०.०० | ८७,६०५.०० |
| गार्ड खर्च | १,४४०,२७३.०० | १,४८३,५४१.०० |
| बिमा खर्च | १३४,१०७.०० | १४३,९४१.६० |
| कर तथा दस्तुर खर्च | ५९,६१५.०० | ९०,३०३.०० |
| प्रोबेशन शुल्क (नेफ्स्कुन) | १००,०००.०० | – |
| प्रोबेशन सदस्यता शुल्क | २५,०००.०० | – |
| बैंक चार्ज | ९,१५०.०० | ६,५७५.६६ |
| **जम्मा** | **८,५९३,७८८.२४** | **८,७८६,७२१.६४** |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं

**आ.ब. ०७७/७८**

**अनुसूची १६**

## प्रमुख लेखा नीति

अ. **संस्थाको सामान्य जानकारी**

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी ऐन २०७४ अन्तर्गत सदस्यहरु बिच बचत तथा ऋणको कारोबार गर्ने उद्देश्यले सहकारी डिभिजन कार्यालय काठमाण्डौमा २०६८।०१।२९ गते दर्ता भएको सहकारी संस्था हो। उक्त संस्था आन्तरिक राजस्व कार्यालय काठमाण्डौ, नयाँ बानेश्वरमा २०६८।०५।१३ गते ६००२७५२१९ पानमा दर्ता भएको छ।

आ. **प्रमुख लेखा नीतिहरु :**

१. संस्थाको वित्तीय विवरणहरुको प्रस्तुती, सहकारी ऐन तथा लेखाको सर्वमान्य सिद्धान्त तथा ऐतिहासिक लागत अबधारणाका आधारमा गरिएका छन्।
२. संस्थाको वित्तीय कारोबारहरुको लेखा सहकारी ऐन नियम, सहकारी बिभागको निर्देशन एवं मापदण्ड २०६८, सम्भव भए सम्म नेपाल लेखामान र लेखाको सर्बमान्य सिद्धान्त (GAAP) को आधारमा राखिएको छ।
३. संस्थाको आम्दानीलाई नगद प्राप्ती (Cash Basis) तथा खर्चको हिसाब प्रोदभावी (Accrual Basis) आधारमा लेखांकन गरिएको छ।
४. संस्थाको निक्षेप दायित्वमा तिनुपर्ने ब्याजलाई पाकेको आधारमा खर्च जनाई लेखाकंन गरिएको छ।
५. स्थिर सम्पत्तिहरु ऐतिहासिक लागत अबधारणाको आधारमा लेखाकंन गरिएको छ।
६. स्थिर सम्पत्तिहरुमा आयकर ऐनले तोके बमोजिम ह्रास कट्टी गर्ने नीति रहेको छ। साथै लिजहोल्ड सम्पत्तिलाई २० वर्षमा समदर र सफ्टवेरलाई ५ वर्ष समदरमा अपलेखन गर्ने गरिएको छ।
७. निक्षेपमा दिने ब्याज र कर्जामा लिने ब्याजलाई ३६५ दिनको एक बर्षको आधार मानी गणना गर्ने नीति रहेको छ।

# लेखा सम्बन्धि टिप्पणीहरु

१. सहकारी मापदण्ड दफा ३२ अनुसार संस्थाले कुल निक्षेप रकमको १५ प्रतिशत रकम नघटाई तरलताकायम राखेको छ।

२. संस्थाले सहकारी मापदण्ड अनुसार जगेडा कोषको व्यवस्था गरेको छ।

३. ऋण प्रवाहमा संचालक समितिको निर्णय अनुसार १ प्रतिशत सम्म प्रक्रियागत सेवा शुल्क लिइएको छ।

४. संस्थाका अध्यक्षलाई प्रमुख कार्यकारीको रुपमा काम गरेवापत मासिक रु २,०६,५९४.०० पारिश्रमिक उपलब्ध गराईएको छ। यसका साथै संचालक समितिका सदस्यहरुलाई यस आ.व मा जम्मा रु ३,९०,०००|०० बैठक भत्ता कर कट्टी गरी उपलब्ध गराईएको छ।

५. सहकारी मापदण्ड दफा २५ अनुसार लिने दिने व्याज दरको ४.६४% प्रतिशत औसत स्प्रेड दर रहेको छ। साथै कर्जा लगानीमा १०%-१४.७५% र बचतमा ३%-११.५% व्याज लिने/दिने गरिएको छ।

६. यस आ.व. मा संस्थाले जम्मा रु. १,०५,७८,३५९.८० को थप ऋण नोक्सानी ब्यवस्था गरेको छ।

७. संस्थाले आफ्नो आर्थिक कारोबारको लेखा कम्प्युटराईज्ड सफ्टवेयर मा राख्ने गरेको छ।

८. संस्थाको आयकर व्यवस्था यस वर्षको खुद मुनाफा (करयोग्य नाफा रकम) को १०% गरिएको छ। कर लेखापरीक्षण पश्चात आयकर व्यवस्था घटबढ हुनसक्ने छ।

९. संस्थाले आ.व २०७७।०७८ को कोष बाँडफाँड सहकारी नियमावली २०७५ अनुसार गरेको छ। साथै यस आ.ब.मा संचालक सिमितिको निर्णय गरि सहकारी शिक्षा कोष, सहकारी विकास कोष, संरक्षित पुंजी फिर्ता कोष र ऋण जोखिम व्यवस्थापन कोष बाट रु ६५,९६,२८०.७० साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ। यस आ.ब.को राष्ट्रिय सहकारी बैंकको र नेफ्स्कुनको लाभांस र संरक्षित पूंजी फिर्ता कोष बापतको रु ९९६४९२.४६ पनि साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ।

१०. कर्मचारी बोनस ब्यवस्था, बोनस ऐन २०३० अनुसार गरिएको छ।

११. अनूसुचि १ देखि १६ सम्मका अनूसुचिहरु यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

१२. आर्थिक विवरणमा रकमहरु नेपाली रुपैंयामा लेखिएका छन्।

| नवराज कार्की | संगित प्रधान | नविन श्रेष्ठ | सावित्रा कार्की |
|---|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष |
| गौरी कुमार खत्री | रामेश्वर थापा | सिता खड्का | |
| सञ्चालक | सञ्चालक | सञ्चालक | |

लेखा तथा सुपरिवेक्षण समिति

| एलिना थापा | गिता राउत | नानी मैया श्रेष्ठ |
|---|---|---|
| संयोजक | सदस्य | सदस्य |

बि.आर.बि.एस एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

BRBS & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

सि.ए. बिशाल राज भुषाल
(पार्टनर)
मिति:२०७८।०४।३२
काठमाण्डौ, नेपाल
UDIN: 210825CA00780Snnmy



सदस्य शिक्षा कार्यक्रम-२०७८, गोठाटार



सदस्य शिक्षा कार्यक्रम-२०७८, गोठाटार




प्रोवेसन कार्यक्रममा आवद्धताको एक झलक

## टिपोट (Note)

## टिपोट (Note)


Save Money
& money will
save you
ज्योतिपुञ्ज
मेगा
प्लस
बचत
७%
ब्याजदर


नारी उन्नति बचत
अफिस अनि घर पनि,
चारैतिर जिम्मेवारी ।
अझै अघि बढ्नु छ,
आजका सबल नारी ।।


बाल भविष्य बचत
आज चढ साना हिमाल,
भोलि सगरमाथा ।
तिम्रो लागि ज्योतिपुञ्ज,
बाल भविष्य खाता ।।


Save Money
& money will
save you
ज्योतिपुञ्ज
आवधिक
बचत
१०%
ब्याजदर

11th

Annual Report

2077/078

JYOTIPUNJA
SAVING & CREDIT CO-OPERATIVE LTD.
ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**Head Office:** New Baneshwor, Kathmandu, Tel.: 01-4780985, 4786327
**Service Centre:** Kumaripati, Lalitpur, Tel.: 01-5408773, 5408774
**Service Centre:** Gothatar, Kathmandu, Tel.: 01-4991872

E-mail: info@jyotipunja.coop.np

URL: www.jyotipunja.coop.np